# स्थानीय राजपत्र

महाङ्गाल गाउँपालिकाको कार्यालयद्वारा प्रकाशित

खण्ड १) गोटिखेल, ललितपुर, भाद्र १८ गते साल २०७५ (संख्या २)


**भाग १**

महाङ्गाल गाउँपालिका, गोटिखेल, ललितपुर ३ नं. प्रदेश, नेपालको सूचना

स्थानीय तहबाट निर्णय भई प्रमाणीकरण भएका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको **"महाङ्गाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४"** महाङ्गाल गाउँ कार्यपालिकाको मिति .प्रमाणीकरण मितिः- २०७५/०१/१५ गतेको निर्णयबाट स्वीकृत भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## महाङ्गाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावना:**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम महाङ्गाल गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम महाङ्काल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन महाङ्काल गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले महाङ्काल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले महाङ्काल गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले महाङ्काल गाउँपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनुपर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान (२०७२) लाई सम्झनुपर्छ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त महाङ्काल गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही महाङ्काल गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।